# अनुदानमा साना सिंचाइ कार्यक्रम संचालन सम्वन्धि नर्मस २०८०

सियारी गाउँपालिकाको प्रमुख आय श्रोत भनेको खेती वाली ( कृषि ) तथा पशु पालन रहेको देखिन्छ । तसर्थ कृषि क्षेत्रको उत्पादन र उपादकत्व वढाइ कृषकहरुलाई अत्मनिर्भर र कृषिमा व्यवसायीकरण वनाउन सिंचाइको सुविधा नरहेको खेती योग्य जमीनमा सिंचाइ सुविधा उपलब्ध गराउन साना सिंचाइ कार्यक्रम संचालन तपसिल अनुसारको नर्मसको अधिनमा रहि संचालन हुने छ । यसवाट असिंचित जग्गा सिंचित भई कृषि उत्पादनमा वृद्धि हुने अपेक्षा गरिएको छ ।

<u>तपसिल</u>

*साना सिचाइ वोर जडान*

१. यो नर्मस आ.व.२०८०/०८१ को लागि मान्य हुने छ ।

२. यो कार्यक्रम सियारी गाउँपालिका भरी संचालन हुने छ ।

३. यो कार्यक्रम भै.लु. भू. ज. वोरिङ र नहर कुलोको सिंचाइ नलाग्ने जग्गामा संचालन हुने छ।

४. यो कार्यक्रममा ब्यवसायीक तरकारी खेती केरा फलफूल खेती गर्ने कृषकलाइ वढी प्रथमिता दिइने छ ।

५. यो कार्यक्रमा समावेश हुन गाउँपालिकामा सुचिकृत गर्नु पर्ने छ ।

६. यो कार्यक्रममा समावेश हुन कृषक/कृषक समुह सहकारी वा कम्तीमा २ वा सो भन्दा वढी कृषकहरुको साझेदारीमा संचालन हुने छ ।

७. यो कार्यक्रममा समावेश हुने कृषक समुह सहकारी वा साझेदार कृषकहरुको जग्गा एउटै कलस्टरमा हुनु पर्ने
छ ।

८. प्रत्येक कलस्टरको क्षेत्रफल खद्यन्न वालीको हकमा कम्तिमा १ विगहा फलफुल तथा तरकारीवालीको हकमा १० कठ्ठा हुनु पर्ने छ ।

९. प्राप्त प्रस्तावहरु सियारी गाउँपालिकाको आर्थिक विकास समितिको वैठकवाट छनौट हुने छ।

थानेश्वर घिमिरे
गाउँपालिका अध्यक्ष

सियारी गाउँपालिका
गाउँ कार्यपालिकाको कार्यालय
हल्लेया रुपन्देही
लुम्बिनी प्रदेश नेपाल
2001

१०.छनौट भएका कृषक/ कृषक समुह सहकारी सँग साना सिचाइ कार्यक्रमको सम्झौता हुने छ ।

११. सम्झौता पश्चात साझेदार कृषक कृषक समुह / सहकारीहरुले कार्यक्रम संचालन गर्नु पर्ने छ ।

१२. वोर गाडी पाइप फिट गरे पश्चात वोरको गहिराइ नापजाँचको प्रतिवेदन सियारी गाउँपालिका प्रविधिक शाखावाट प्राप्त भए पश्चात पाइपको मुल्यांकन अनुसारको रकम सम्वन्धित कृषक / कृषक समुह सहकारीहरुको वैक खातामा उपलब्ध गराइने छ ।

१३.साना सिचाइको लागि अन्य समाग्री स्वयम कृषक/ समुह सहकारीले व्यवस्था गर्नु पर्ने छ

१४.अनुदान भुक्तानी प्राप्त गर्नको लागि निम्न अनुसारको कागजातहरु पेश गर्न पर्ने छ ।

क- अनुदान प्राप्त गर्नको लागि समुह सहकारी वा उपभोक्ताले भुक्तानी माग आवेदन पेश गर्नु पर्ने छ ।

ख- समुह सहकारी वा साझेदार कृषकहरुको निर्णयको प्रतिलिपि पेंश गर्नु पर्ने छ ।

ग- कृषक / समुह सहकारीको वैक खाताको चेकको प्रति लिपि ।

*साना सिंचाइ मोटरमा अनुदानको लागि*

१ सिचाइको लागि वोर गाडेको हुनु पर्ने छ ।

२ विद्युत लाइन तथा कृषि विद्युत मिटर जडान भएको हुनु पर्ने छ । बढोत्ता

३ समुहिक रुपमा तरकारी तथा फलफूल खेती गर्ने कृषकहरुको हकमा ७५ प्रतिशत अनुदानमा सिचाइ विद्युत मोटर उपलब्ध गराइने छ ।

१५. कार्यक्रम संचालनको क्रममा कुनै विवाद आएमा सियारी गाउँपालिकाको निर्णय मान्य हुने छ ।

थानेश्वर घिमिरे
गाउँपालिका अध्यक्ष

सियारी गाउँपालिका
गाउँ कार्यपालिकाको कार्यालय
हर्नैया, रुपन्देही
लुम्बिनी प्रदेश, नेपाल
२०७३